# बेनी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बेनीबजार, म्याग्दी
स्थापना: २०७३
गण्डकी प्रदेश, नेपाल

### नदिजन्य पदार्थ बिक्रीका लागि विधुतीय बोलपत्र आव्हान सम्बन्धी सूचना
(प्रथम पटक प्रकाशित मिति २०७८/०८/०१ गते )

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११'क' को व्यवस्था अनुसार यस कार्यालयको मिति २०७८/०७/३० गते को निर्णय बमोजिम नगरपालीका क्षेत्रभित्रको म्याग्दी नदीको तोकिएको बगरहरुबाट नदिजन्य प्रदार्थ उत्खनन तथा संकलन कार्य प्रारम्भीक वातावरणिय परिक्षण प्रतिवेदन (IEE)ले औल्याएको परिणाम भित्र रही नदिजन्य पदार्थ उत्खनन , घाट गद्दी पश्चात नगरपालीकाले तोकेको दरमा ठेक्का बन्दोवस्तको माध्यमबाट बिक्री गर्नुपर्ने भएकोले ईच्छुक फर्म, कम्पनीले तोकिएको अंकमा नघट्ने गरी तपशिल बमोजिमको शर्तहरुको अधीनमा रही विधुतीय बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

<u>तपशिल:</u>

<table>
<tr><th>ठेक्का नं./नाम</th><th colspan="2">ढुङ्गा, गिट्टी र बालुवा उत्खनन ,सङ्कलन तथा बिक्रि वितरण गर्ने बगर र परिमाण (घन मिटर)</th><th>न्यूनतम ठेक्का रकम रु.(मू.अ. कर बाहेक)</th><th>धरौटी रकम</th><th>बोलपत्र दस्तुर (रु.)</th></tr>
<tr><td rowspan="9">०१/०७८-७९ (म्याग्दी नदी किनारको बगर )</td><td>अग्निखेत बगर, बेनी न.पा ७</td><td rowspan="9">१७७६०.१५</td><td rowspan="9">४३,८६,०४६.६४/-</td><td rowspan="9">कबोल अङ्कको ५%</td><td rowspan="9">३०००/-</td></tr>
<tr><td>डम्मरा बगर, बेनी न.पा ६</td></tr>
<tr><td>जोगिगाडे बगर, बेनी न.पा ६</td></tr>
<tr><td>चुत्रेनी बगर, बेनी न.पा ६, तल्लो</td></tr>
<tr><td>चुत्रेनी बगर, बेनी न.पा ६, माथिल्लो</td></tr>
<tr><td>बगुवा खोला, बेनी न.पा. ५</td></tr>
<tr><td>सजेनी बगर, बेनी न.पा. ५</td></tr>
<tr><td>दुधेखोला कोप्रे बगर, बेनी न.पा. ३</td></tr>
<tr><td>घुमाउने ताल बगर, बेनी न.पा. २</td></tr>
</table>

<u>**शर्तहरु:**</u>

१. ईच्छुक फर्म, कम्पनीले मिति २०७८/०९/०२ अपहार्णनको १२ बजे सम्म PPMO's e-GP system <u>www.bolpatra.gov.np/egp</u> मार्फत बोलपत्र पेश गर्नु पर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

२. बोलपत्र भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आफुले कबोल गरेको अंकको ५ % को दरले हुन आउने धरौटी रकम यस कार्यालयको तपशिल बमोजिमको खातामा जम्मा गर्नु पर्नेछ ।

नाम :बेनी नगरपालिका,नगर कार्यपालिकाको कार्यालय
बैंक :नेपाल बैंक लिमिटेड,बेनी ,म्याग्दी
धरौटी खाता नं. ०६३०३००००००३०००००००१
राजस्व खाता नं. ०६३०३०००००१००१०००००१



३. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी , फर्म दर्ता,नवीकरण,आ.व. २०७७/०७८ को करचुकता,दरभाउ पत्रको दस्तुर र धरौटी रकमको भौचरको स्क्यान गरी अपलोड गर्नुपर्नेछ ।

४. रीतपूर्बक पर्न आएका बोलपत्रपत्रहरु मिति २०७८/०९/०२ दिनको १ वजे बोलपत्र दाता वा निजको प्रतिनिधीको रोहवरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्र दाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ ।

५. नदिजन्य पदार्थहरु बगरलाई नै घाटगद्दी स्थल तोकि निर्धारित स्थानवाट मात्र उत्खनन तथा बिक्री वितरण गर्नुपर्नेछ ।

६. ठेक्का सम्बन्धी विस्तृत जानकारी बोलपत्र फाराममा उल्लेख गरिएको हुंदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

७. रीत नपुगी पेश हुन आएका बोलपत्रहरु स्वीकार गर्न यस कार्यालय वाध्य हुनेछैन ।बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

८. बोलपत्र स्वीकृत भएमा सो को सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र मु.अ. कर दर्ता प्रमाणपत्र समेत लिई ठेक्का अंकको प्रथम किस्तावापत ५० प्रतिशत ले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ । दोस्रो किस्तावापत ५० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त 'क' वर्गको बैंकबाट यस कार्यालयको नाममा २०७९ साल श्रावण मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ । ठेक्का कबोल गर्ने फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क वापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३% भ्याट रकम समेत यस कार्यालयमा बुझाउनु पर्ने छ ।नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर व्यवसायीले छुट्टै बुझाउनु पर्नेछ ।

९. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार ठेक्का वन्दोवस्त गरिनेछ ।

१०. नदीहरुको उत्खनन क्षेत्र र उत्खनन परिमाणका सन्दर्भमा नदिजन्य निर्माण सामाग्रीहरुको उपयोग सम्वन्धमा भएका अध्ययन प्रतिवेदन एवं नेपाल सरकारबाट भएका निर्देशनहरु, बेनी नगरपालिकाको ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, सङ्कलन तथा घाटगद्दी सम्बन्धी जिल्ला समन्वय समितिको कार्यालय म्याग्दीबाट स्वीकृत गरिएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन यस ठेक्का सम्झौताको अभिन्न अंग रहनेछन् ।

११. यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा नेपाल सरकारका अन्य प्रचलित कानुन अनुसार हुनेछ ।

नोटः विस्तृत जानकारीको लागि यस कार्यालयको website:benimun.gov.np मा समेत हेर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत